जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २०७ २०८१ साल चैत ६ गते बुधबार (19 Mar. 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : मुआब्जा नपाएपछि जलविद्युत ... ३ पृष्ठमा : 'सिएसआर' को रकम सबै ... ३ पृष्ठमा : नौ महिनाको अन्तर्राष्ट्रिय ...

# गत वर्षको तुलनामा यस वर्ष सप्तरीमा ३० प्रतिशतले आँपको उत्पादनमा कमी आउने



**दैनिक समाचारदाता**
**राजविराज, ५ चैत ।**

सप्तरी जिल्लामा यस वर्ष आँपको उत्पादनमा गत वर्षको तुलनामा ३० प्रतिशतले कमी आउने अनुमान गरिएको छ ।

गत बर्ष ७१ हजार २५० मेट्रिकटन आँपको उत्पादन भएकोमा यस बर्ष ५० हजार ५० मेट्रिकटन आँप उत्पादन हुने अनुमान गरिएको कृषि ज्ञान केन्द्र सप्तरीले जनाएको छ ।

कृषि ज्ञान केन्द्रका प्रमुख किशुनदेव राउतका अनुसार गत बर्ष आँपका लागि 'अनएयर' अर्थात फल्ने बर्ष थियो भने यस बर्ष 'अफएयर' अर्थात नफल्ने बर्ष भएकोले उपादकत्वमा कमी आउने अनुमान छ । देशभरिमै स्वादिष्ट आँपको लागि लोकप्रिय मानिने सप्तरीमा यस बर्ष आँपको बोटमा विगतको तुलमा कम मन्जरी लागेकोले उत्पादनमा कमि आउने भएको हो ।

कूल ७ हजार ७ सय हेक्टर जमिनमा कबिर १३ लाख आँपको बोट रहेको सप्तरीमा आर्थिक बर्ष २०८०/०८१ मा प्रति हेक्टर ९ दशमलव ५ मेट्रिकटन उत्पादकत्व रहेकोमा यस बर्ष प्रति हेक्टर ६ दश्मलव ५ मेट्रिकटन उत्पादकत्व हुने सो कार्यालयले जनाएको छ ।

यस जिल्लामा कूल आँपको बोटमध्ये ७५ प्रतिशत बोट पूर्व पश्चिम राजमार्गको उत्तरमा रहेको छ । आँपको उत्पादन कमी आउने भएपछि मूल्यमा समेत बृद्धि हुने आँप व्यापारी मिथिलेश यादव बताउछन् ।

मधेश प्रदेशमै सबै भन्दा बढी आँप उत्पादन हुने जिल्लाको रुपमा पनि चिनिएको सप्तरीको भोगौलिक अवस्था र हावापानीको दृष्टिकोणले हेर्दा आँप उत्पादनका सुहाँउदो मानिन्छ ।

मधेश प्रदेशमा सप्तरीपछि सिरहामा पनि राम्रै आँप उत्पादन हुन्छ तर, स्वादको मामिलामा सप्तरीको आँप उत्कृष्ट रहेको बताउछन् कृषि ज्ञान केन्द्र सप्तरीका वागवानी अधिकृत रक्षा यादव ।

सप्तरीको आँपको मुख्य बिक्रि केन्द्र काठमाडौं नै मानिएता पनि यस पटक आँप जिल्लामै आपूर्ती अपूग हुने भएको छ । सप्तरीमा मुख्यत मालदह, बम्बई, अम्रपाली, मल्लिका, केलुवा, कृष्णभोग, कल्कतिया लगायतको खेती हुने गरेको छ ।

यस जिल्लामा विगतको भन्दा आँपको खेतीतर्फ बढी किसान आकर्षित छन् । औद्योगिक क्षेत्रको रुपमा सबभन्दा पछाडि रहेको यस जिल्लामा आँपको खेतीतर्फ सरकारको ध्यान गई किसानलाई समयमा तालिम तथा सामग्रीहरु प्रदान गरि उचित बजार ब्यवस्थापन र मूल्य पाएमा सप्तरीको प्रगतिमा आँप खेतीको महत्वपूर्ण योगदान हुने थियो ।

# स्वविय‌ु निर्वाचन शान्तिपूर्ण सम्पन्न, ४६.५७ प्रतिशत मतदान



**दैनिक समाचारदाता**
**राजविराज, ५ चैत ।**

राजविराजस्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसमा मंगलवार स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन शान्तिपुर्ण रुपमा सम्पन्न भएको छ ।

कुल २ हजार ७ सय ३१ मतदाता मध्ये १ हजार २ सय ७२ जनाले मतदान गरेको निर्वाचन संयोजक नन्दकिशोर यादवले जानकारी दिएका छन् । जुन कुल मतदाताको ४६.५७ प्रतिशत हो ।

मतदान अपरान्ह ४ बजे सम्म चलेको थियो । निर्वाचन प्रक्रियालाई मर्यादित र शान्तिपुर्ण बनाउन क्याम्पस प्रशासनका साथै प्रमुख जिल्ला अधिकारी भोला दाहाल, जिल्ला निर्वाचन अधिकृत रमेश कुमार जोशी, प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडा, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक सुरेन्द्र कोइराला, सशस्त्र प्रहरी उपरिक्षक, नेपाली सेना लगायतले अनुगमन गरेका थिए ।

यस्तै मतदान स्थल सुरक्षाका लागी प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार

*बाँकी अन्तिम पृष्ठमा*

# आगलागिमा पाँच घर नष्ट, १८ लाख भन्दा बढीको क्षति

**दैनिक समाचारदाता**
**रावजविराज, ५ चैत ।**



सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. ४ लालापट्टीमा मंगलबार बिहान ४ बजेतिर आगलागि हुँदा ५ घर जलेर नष्ट भएको छ । आगलागिमा सुनचाँदीका गरहगनासहित दुई वटा खसी समेत जलेर मरेका छन् ।

बिजुलीको तार सर्ट भई लागेको आगोले स्थानीय चार जनाको ५ घर जलेर नष्ट हुँदा १८ लाख पचास हजार बराबरको धनमाल जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

आगलागिमा स्थानीय देवनारायण पण्डितको पिलरको खम्बा, बासको टाटी र टिनको छानो भएको दुई वटा घर र घर भित्र रहेको लत्ताकपडा खाद्यान्य, फर्निचर, भाडाबर्तन, दुई थान मोवाईल, दुई थान

*बाँकी तीन पृष्ठमा*

# मधेश प्रदेश सरकारद्वारा एसइई परीक्षा बहिष्कार



**दैनिक समाचारदाता**
**जनकपुर, ५ चैत ।**

मधेश प्रदेश सरकारले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) परीक्षा २०८१ बहिष्कार गरेको छ ।

मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयमा छेउमा शिक्षा तथा संस्कृती मन्त्री रानी शर्मा तिवारीलाई पनि संगै राखेर पत्रकार सम्मेलन गरेका मुख्यमन्त्री सतिश कुमार सिंहले विभिन्न कारण देखाउदै मधेश प्रदेश सरकार यसपालिको एसईई परिक्षामा सामेल हुन नसक्ने घोषणा गरे ।

केन्द्राध्यक्ष नियुक्ति तथा केन्द्राध्यक्षमार्फत केन्द्रमा हने अनियमितताको अपेक्षालाई

*बाँकी अन्तिम पृष्ठमा*

**मौसमी फ्लु रोकथामका उपाय ।**

- बिरामी भएका व्यक्तिसँग भौतिक दूरी कायम गरौं,
- खोक्दा हाच्छिउँ गर्दा मुख र नाक छोपौं,
- शारीरिक रुपमा सक्रिय बनौं र पौष्टिक खाना खाऔं,
- बिरामी हुँदा सम्भव भएसम्म घरमै बसौं,
- समयसमयमा साबुनपानीले हात धुऔं,
- स्यानिटाइजरको प्रयोग गरौं,
- आँखा, नाक, मुख छोईरहने बानी नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### परीक्षा मर्यादित बनाउन सबैको सहयोग आवश्यक

भोलीबाट देशैभरि एकै दिन माध्यमिक शिक्षा परीक्षा (एसईई) सञ्चालन हुन गइरहेको छ । यो परीक्षा हरेक वर्ष हुने गरेको छ । विगतमा यसलाई एसएलसी भनिने गरिन्थ्यो भने अहिले नाम परिमार्जन गरेर एसइई भनिन्छ । कक्षा १० का विद्यार्थीहरु यस परीक्षामा सहभागि हुन्छन् । परीक्षालाई विगतमा निकै महत्वका साथ हेरिन्थे । कक्षा १ देखी प्रारम्भिक शिक्षा लिएर कक्षा १० सम्म पुग्दा विद्यार्थीहरु यसलाई निकै महत्व दिन्थे । दिनरात एक गरि एसएलसीको तयारीमा जुट्थे । तर, अहिले समय परिवर्तन भएसँगै परीक्षाका साथ साथै विद्यार्थीहरु पनि परिवर्तन भएका छन् । त्यसबेला यसलाई विद्यार्थीहरुको आइरन गेट भनेर चिनिन्थे । तर अहिले यो परीक्षाको मर्यादा नै धरापमा परेको छ ।

परीक्षा मर्यादित बनाउनेतर्फ विद्यालय, शिक्षक तथा अभिभावकहरुको भूमिका अहम हुन्छ । सरकारले हरेक वर्ष विद्यार्थी भर्नाको नाममा करोडौ रकम खर्च गरेर विद्यालय बाहिर रहेका विद्यार्थीहरुलाई विद्यालयमा ल्याउन सकस गरिरहेको छ । तर सरकारले लिएको लक्ष्य अझै पुरा हुन सकेको छैन् । सुरुदेखी नै कक्षामा गुणस्तरिय शिक्षा दिनेतर्फ ध्यान केन्द्रित गरेमा पक्कै पनि सक्षम विद्यार्थी बन्ने कुरामा दुई मत नहोला । तर अहिले ती सबै कुरा किताबी पानामा सिमित भएको छ ।

तसर्थ कुनै पनि परिक्षालाई मर्यादित बनाउन विद्यार्थी, शिक्षक, अभिभावक र विद्यालयको महत्वपूर्ण जिम्मेवारी हुन्छ । यसलाई नै मनन् गरेर शिक्षकले राम्रो अध्यापन गर्नेतर्फ ध्यान पुऱ्याउन सकेमा पक्कै पनि परीक्षा मात्र मर्यादित नभई विद्यार्थी पनि असल बन्न सक्छन् ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# मुआब्जा नपाएपछि जलविद्युत आयोजना बन्द

खोटाङ, ५ चैत (रासस) ।
यहाँको केपिलासगढी गाउँपालिकाका स्थानीयले जलविद्युत् आयोजना सञ्चालन गर्ने सम्बन्धित कम्पनीले जमिन उपयोग गरेबापत मुआब्जा नदिएपछि आयोजना नै बन्द गराएका छन् ।

लामो समयदेखि मुआब्जा नपाएको भन्दै चरणबद्ध आन्दोलनमा उत्रिएका स्थानीयवासीले सुइदेल र दिप्सुङको सिमाना स्थित रावाखोलाबाट उत्पादन गरिएको तीन मेगावाट क्षमताको माथिल्लो रावाखोला जलविद्युत् आयोजनाको ड्याम (बाँध)बाट खोलातर्फ पानी फर्काएर आयोजना बन्द गराएका हुन् ।

रावाखोलामा रावा इनर्जी डेभलभमेन्ट कम्पनी लिमिटेड, हलेसी ऊर्जा कम्पनी लिमिटेड र लोवर मिड रावाखोला हाइड्रोइलेक्ट्रिक प्रोजेक्टले फरक-फरक तीन ठाउँमा जलविद्युत् आयोजना सञ्चालन गरेको छ । केपिलासगढी गाउँपालिका-४ बाक्सिला, ६ दिप्सुङ र ७ सुइदेलका स्थानीयले उक्त जलविद्युत् आयोजना सञ्चालक कम्पनीबाट मुआब्जा नपाएको गुनासो गरेका हुन् ।

जलविद्युत् आयोजनाको ट्रान्समिसन र पाइपलाइन विस्तारको क्रममा प्रयोग गरिएको जग्गाको मुआब्जा तथा क्षतिपूर्ति स्थानीयवासीले हालसम्म प्राप्त नगरेपछि चरणबद्ध आन्दोलन सुरु गरिएको निजी तथा सार्वजनिक सम्पत्ति संरक्षण सङ्घर्ष समितिका संयोजक माइतीराज राईले बताउनुभयो ।

"रावाखोलामा सञ्चालित तीनवटै जलविद्युत् आयोजना कम्पनीले जग्गाधनीहरूलाई क्षतिपूर्ति दिएका छैनन् । उनीहरूले स्थानीयलाई ठगी गरेका छन्", उहाँले भन्नुभयो, "जनता ठगीमा परेको विषयमा स्थानीय सरकारलाई समेत जानकारी गराएका छौँ । अहिलेसम्म कुनै सुनुवाइ भएको छैन । तोकिएको समयमा सम्बन्धित जग्गाधनीलाई मुआब्जा उपलब्ध नगराएपछि निर्धारित कार्यक्रमअनुसार पानी खोलातर्फ फर्काएर आयोजना बन्द गरिएको छ ।"

निर्माणाधीन हलेसी ऊर्जा कम्पनी लिमिटेड जलविद्युत् आयोजनाको ट्रान्समिसनलाइनले बाक्सिलाका ३८ जनासहित ४९ घरको जग्गा प्रयोग गरेको छ । जलविद्युत्को पोल र तार टाँग्ने क्रममा स्थानीयको करिब पाँच हजार २०० मिटर जग्गा प्रयोग भएको सङ्घर्ष समितिले जनाएको छ ।

पाइपलाइन विस्तारका क्रममा सुइदेलका २४, बाक्सिलाका दुई र दिप्सुङका एक जनाको गरी ३८ कित्ता जग्गा प्रयोग गरिएको छ । रावा इनर्जी डेभलपमेन्ट प्रालिले विद्युत्को काम सम्पन्न भएपछि मुआब्जा दिने भन्दै ट्रान्समिसनको काम गरेको तर हालसम्म मुआब्जा नदिएको जग्गाधनीको गुनासो छ ।

रावा इनर्जी डेभलपमेन्ट प्रालिले विद्युत्को काम सकिएपछि सबै जग्गाधनीलाई क्षतिपूर्ति दिने र क्षति पुगेको जग्गा कम्पनीको नाममा सार्नेगरी पाइपलाइनको काम सुरु गरेको थियो । तर, हालसम्म सो सहमति कार्यान्वयन नभएको सङ्घर्ष समितिको भनाइ छ ।

रावा इनर्जी डेभलपमेन्ट प्रालिले खोलामा दश प्रतिशत पानी नछाडेको सङ्घर्ष समितिको आरोप छ । २.५ मेगावाटको विद्युत् उत्पादनको तयारी गरेको हलेसी ऊर्जा कम्पनी लिमिटेडले सर्वोच्चको आदेश विपरीत कृष्णमायाँ खत्रीको जग्गामा पाइपलाइनको काम गरिरहेको छ ।

निर्माणाधीन हलेसी ऊर्जा कम्पनी लिमिटेडले विद्युत् उत्पादनको प्रक्रिया पूरा नगरी छ कित्तामा रहेको ३८४ रोपनी सरकारी जग्गा प्रयोग गरेको सङ्घर्ष समितिले जनाएको छ । हलेसी ऊर्जाले सुइदेलमा जलाशय र बाक्सिलामा पावरहाउस बनाएर विद्युत् उत्पादन गर्ने तयारी गरेको छ ।

मुआब्जा विवाद प्रकरणलाई लिएर स्थानीयवासीले जलविद्युत् आयोजना नै बन्द गराएपछि मंगलबार दुवै पक्षलाई गाउँपालिकाको कार्यालयमा छलफलका लागि बोलाइएको गाउँपालिका प्रमुख समीर राईले जानकारी दिनुभयो ।

# युक्रेनी सेनाको कब्जामा रहेका सात नेपालीलाई मुक्त गर्न माग

काठमाडौँ, ५ चैत (रासस) ।
परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र युक्रेनका विदेशमन्त्री एन्द्री सिबिहाबीच नयाँ दिल्लीमा द्विपक्षीय भेटवार्ता भएको छ ।

भारतीय विदेश मन्त्रालयद्वारा आयोजित 'राइसिना डायलग' कार्यक्रममा सहभागी हुने क्रममा नयाँ दिल्लीमा रहनुभएका उहाँहरूबीच मंगलबार सो भेटवार्ता भएको हो । उक्त भेटघाटका क्रममा नेपाल-युक्रेन सम्बन्ध र आपसी हितका विविध विषयमा छलफल भएको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ ।

त्यस अवसरमा परराष्ट्रमन्त्री डा राणाले नेपाली नागरिक रसियाली सेनामा भर्ना हुन पाउने नीति नेपालको नरहेको स्पष्ट गर्दै युद्धबन्दीका रूपमा रहेका ती सातजना नेपालीलाई यथासक्य छिटो मुक्त गरिदिन अनुरोध गर्नुभयो ।

उहाँले मानव तस्करको फन्दामा परी नेपालको दुर्गम क्षेत्रबाट जबर्जस्ती रुसी सेनामा भर्ना भई कार्यरत रहेकै अवस्थामा हाल युक्रेनी सेनाको नियन्त्रणमा रहेका सात नेपालीको रिहाइका लागि युक्रेनी विदेशमन्त्रीमार्फत युक्रेन सरकारसँग आग्रह गर्नुभएको थियो ।

सो अवसरमा युक्रेनी विदेशमन्त्री सिबिहाले कानुनी प्रक्रिया पूरा गरेर उनीहरूलाई रिहा गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । भेटका क्रममा मन्त्री डा राणाले नेपालले सन् २०२७ देखि २०२९ का लागि संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को सदस्य लगायतमा उम्मेदवारी दिएको सन्दर्भ उल्लेख गर्दै त्यसमा युक्रेन सरकारको सहयोगका लागि आग्रह पनि गर्नुभयो ।

भेटघाटका अवसरमा नेपाल र युक्रेनका सरकारी एवं कूटनीतिक राहदानी वाहकलाई निःशुल्क भिसासम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

# लाइसेन्स दिने तयारीपछि कर्मकाण्ड र ज्योतिष प्रशिक्षण लिने बढे

काठमाडौँ, ५ चैत (रासस) ।
पुराण वाचक, ज्योतिषी कर्म र कर्मकाण्ड गर्ने ब्राह्मणको परीक्षा लिएर लाइसेन्स दिने तयारी सुरु भएपछि नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिमा प्रशिक्षण लिनेको घुइँचो लागेको छ ।

प्रशिक्षण लिन चाहनेको घुइँचो लागेपछि चैतदेखि छ महिने कार्यक्रम सुरु गरिएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले राससलाई जानकारी दिनुभयो । ज्योतिष र कर्मकाण्ड प्रशिक्षण लिन चाहनेहरू समितिमा आएर सोधपुछ गर्न थालेपछि सूचना निकालेर यही महिनादेखि प्रशिक्षण दिन थालिएको हो । समितिमा आफैं खोजी गर्दै करिब तीन दर्जन प्रशिक्षार्थी आएका समितिले जनाएको छ ।

प्रशिक्षण लिन चाहनेमध्ये महिला र अपाङ्गलाई छुटको व्यवस्था पनि गरिएको उहाँले जानकारी दिनुभयो । ज्योतिष प्रशिक्षण लिन जनजाति र दलित पनि आउने गरेका समितिले जनाएको छ ।

"कर्मकाण्ड प्रशिक्षणमा भने महिलाको पनि रुचि हुने गरेको छ । कर्मकाण्ड प्रशिक्षण लिने धेरै भने ब्राह्मण समुदायका हुने गरेका छन्", ढुङ्गेलले भन्नुभयो । उहाँका अनुसार छ महिने प्रशिक्षणको रु १५ हजार शुल्क तोकिएको छ । यसमा थप परीक्षा शुल्क पनि लाग्ने छ ।

कथावाचक, ज्योतिषी र कर्मकाण्ड गर्ने पुरोहितलाई नियमन गर्न, करको दायरामा ल्याउन पनि लाइसेन्स उपयुक्त हुने भएकाले सोहीअनुसार तयारी भइरहेको समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले बताउनुभयो । उहाँका अनुसार पुराण वाचन गर्न चाहने पण्डितका लागि वाल्मीकि विद्यापीठले यही चैतदेखि एक वर्षे प्रशिक्षण सुरु गरेको छ ।

यो प्रशिक्षणमा भाग लिने आउनेको पनि सङ्ख्या बढेको छ । पुराण वाचन शास्त्रीय विधिअनुसार नभइरहेको गुनासो बढ्न थालेपछि विद्यापीठका प्राध्यापकहरुको सक्रियतामा यो प्रशिक्षण सुरु गरिएको वाल्मीकिका प्राचार्य अच्युतप्रसाद लामिछानेले बताउनुभयो । उहाँका अनुसार दैनिक एक घण्टा एक वर्षसम्म प्रशिक्षण दिएपछि प्रशिक्षार्थीले शास्त्रीय विधिअनुसार पुराण वाचन गर्नसक्ने छन् ।

# संविधान संशोधनअघि बृहत् समीक्षा गरौँ : अध्यक्ष दाहाल

काठमाडौँ, ५ चैत (रासस) ।
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधान संशोधनअघि बृहत् समीक्षा आवश्यक रहेको बताउनुभएको छ । २७औँ सांस्कृतिक प्रतिरोध दिवसका अवसरमा मंगलबार यहाँ आयोजित जनसांस्कृतिक राष्ट्रिय सम्मान-२०८१ कार्यक्रममा उहाँले अहिले संविधान संशोधनभन्दा पनि समीक्षाको बहस आवश्यक रहेको बताउनुभयो ।

"संविधान समीक्षाको बहस चलाइयोस्, त्यो टुङ्गोमा पुगेपछि मात्रै संशोधन अघि बढाइनुपर्छ", अध्यक्ष दाहालले भन्नुभयो, "सबै राजनीतिक दल र शक्ति मिलेर समीक्षा गरौँ, यसरी गरिने संशोधनले मात्रै सही आकार लिन सक्छ ।" जनताको सङ्घर्ष र बलिदानको बलमा स्थापित राजनीतिक

बाँकी तीन पृष्ठमा

# ‘सिएसआर’ को रकम सबै प्रदेशमा कम्तिमा १० प्रतिशत खर्च गर्नैपर्ने

काठमाडौँ, ५ चैत (रासस) ।

वाणिज्य बैङ्क तथा राष्ट्रियस्तरका वित्तीय संस्थाले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर)को रकम सबै प्रदेशमा खर्च गर्नुपर्ने भएको छ ।

नेपाल राष्ट्र बैङ्कले सोमबार ‘बैङ्क तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी मार्गदर्शन, २०८१’ जारी गर्दै सिएसआरको रकम प्रत्येक प्रदेशमा कम्तिमा १० प्रतिशत खर्च गर्नुपर्ने व्यवस्था ल्याएको हो ।

“संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्दा एकै भौगोलिक क्षेत्र तथा विषयमा मात्र सीमित नभई आफनो कार्यक्षेत्रभित्रका भौगोलिक क्षेत्रमा जीवन रक्षा, सार्वजनिक हित तथा परोपकार कार्यलाई प्राथमिकतामा राखी न्यायोचित ढङ्गले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ”, मार्गदर्शनमा भनिएको छ, “वाणिज्य बैङ्क तथा राष्ट्रियस्तरका वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्याएको रकमलाई प्रत्येक प्रदेशमा न्यूनतम १० प्रतिशत हुनेगरी खर्च गर्नुपर्नेछ ।”

त्यसैगरी, संस्थाले खर्च गर्ने कुल सिएसआर रकमको पाँच प्रतिशतभन्दा बढी रकम एउटै कार्यमा खर्च गर्न पाइनेछैन ।

“कुनै एउटा कार्यक्रममा त्यस आर्थिक वर्षको कुल खर्च योग्य संस्थागत सामाजिक उत्तरदायित्व रकमको पाँच प्रतिशतभन्दा बढी खर्च गर्न पाइने छैन । तर बैङ्क तथा वित्तीय संस्थाले आपसी सहमतिमा कुनै विशेष सार्वजनिक महत्वको कार्य गर्ने भएमा राष्ट्र बैङ्कको पूर्वस्वीकृतिमा त्यस्ता कार्य सञ्चालन गर्न सकिनेछ”, मार्गदर्शनमा भनिएको छ ।

कुनै संस्थाको ब्राण्ड प्रवर्द्धन तथा बजार विस्तार गर्ने उद्देश्यले गरिएका बजारीकरण अभियान, विभिन्न कार्यक्रमको प्रायोजन, राजनैतिक दलका कार्यक्रमलाई गरिएको सहयोग, नाफामूलक कार्य, शुल्क लिई गरिएका कार्यक्रम, र्‍याली तथा विज्ञापनजस्ता कार्यमा गरिएको खर्चलाई संस्थागत सामाजिक उत्तरदायित्व मान्न नसकिने पनि मार्गदर्शनमा उल्लेख छ । संस्थापक शेयरधनी, सञ्चालक समितिका सदस्य तथा उच्च व्यवस्थापन तहका पदाधिकारी सम्बद्ध संस्थामा गरिएका खर्च, व्यापार विस्तारको शर्त राखी गरिएका खर्चलाई पनि सिएसआर मान्न नसकिने जनाइएको छ ।

संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत खर्च गर्दा सरकारी, सामुदायिक तथा अन्य गैर नाफामूलक संस्थाको लागि मात्र गर्नु पर्नेछ भने त्यस्तो खर्च गर्नका लागि परियोजना वा कार्यक्रम छनोट गर्दा त्यसबाट समुदायस्तरमा पर्ने प्रभाव र मुलुकको आवश्यकताको विश्लेषण गर्नु पर्नेछ ।

सिएसआर कोषको रकम कुनै किसिमको नगद, दान, दातब्य, पुरस्कार आदि वितरण गरी खर्च लेखाङ्कन गर्न पाइने छैन । त्यस्तो कोषमा रहेको रकम अन्य कुनै कोष वा शीर्षकमा रकमान्तर गर्न वा पूँजीकोषमा गणना गर्न नपाइने मार्गशर्दनमा उल्लेख छ ।

यसअघि बैङ्क तथा वित्तीय संस्थाले हरेक आर्थिक वर्षको खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नुपर्ने र यस्तो कोषमा जम्मा भएको रकम सम्बन्धित आर्थिक वर्षभित्र खर्च गरिसक्नुपर्ने व्यवस्था थियो । नयाँ मार्गदर्शनले त्यसलाई संशोधन गरेको छ ।

“संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी कार्यका लागि हरेक आर्थिक वर्षको खुद मुनाफाको नेपाल राष्ट्र बैङ्कले तोकेको प्रतिशतले हुन आउने रकम छुट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नु पर्नेछ । बैङ्क तथा वित्तीय संस्थाको सञ्चालक समितिले निर्णय गरी नेपाल राष्ट्र बैङ्कबाट तोकिएको प्रतिशतभन्दा बढी रकम उक्त कोषमा जम्मा गरी संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यमा खर्च गर्न सक्नेछ”, मार्गदर्शनमा भनिएको छ, “इजाजतपत्रप्राप्त संस्थाले प्रत्येक आर्थिक वर्षको वित्तीय विवरण स्वीकृत भएसँगै मुनाफाबाट कोषमा जम्मा भएको रकमको कम्तीमा ६० प्रतिशत रकम सोही आर्थिक वर्षभित्र खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।”

## आगलागिमा पाँच ...

पंखा, बिजुलीको मिटर, तथा सुनचाँदीका गरगहना जलेर पुर्ण रुपमा क्षती हुँदा ७ लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

त्यस्तै आगोले रामेश्वर पण्डितको पिलरको खम्बा, बासको टाटी र टिनको छानो भएको घर र घर भित्र रहेको लत्ताकपडा खाद्यान्य, फर्निचर, भाडाबरतन, दुई थान पंखा, बिजुलीको मिटर थान, सुनचाँदीका गरहगना, दुई वटा खसी समेत जल्दा ७ लाख बरारबको क्षति भएको छ । त्यस्तै आगोमा जलि एक वटा भैसी, २ वटा पाडी घाइते भएका छन् ।

यसैगरि छिमेकी धनराज पण्डितको पिलरको खम्बा, बासको टाटी र टिनको छानो भएको घर, गाईगोठ, भान्सा घर तथा घर भित्र रहेको लत्ताकपडा, खाद्यान्य, फर्निचर, भाडाबरतन जलेर पुर्ण रुपमा क्षती हुँदा ३ लाख बराबरको क्षति भएको छ ।

यस्तै जुगेश्वर पण्डितको पिलरको खम्बा, बासको टाटी र टिनको छानो भएको घर, गाईगोठ जलेर क्षति हुँदा एक लाख ५० हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

आगोमाथी स्थानिय तथा नेपाल प्रहरी र सशस्त्र प्रहरीको सहयोगमा एक घण्टा पश्चात् नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

अघिल्लो दिन सोमवार दिउँसो राजविराज नगरपालिका ६ मा भएको आगलागीमा एक फर्निचर उद्योग र तीन वटा घर जलेर नस्ट हुदाँ १४ लाख बराबरको क्षति भएको थियो ।

## संविधान संशोधनअघि ...

उपलब्धि खोस्ने प्रयास स्वीकार्य नभएको उल्लेख गर्दै अध्यक्ष दाहालले त्यस्तो प्रयासलाई परास्त गरिने बताउनुभयो । “इतिहासमा सीमित भइसकेको राजतन्त्र पुनःस्थापना असम्भव छ”, उहाँले भन्नुभयो, “त्यसका लागि फेरि अर्को मूर्खता गर्नु उचित हुँदैन ।”

वैज्ञानिक समाजवादलाई राजनीतिक उद्देश्य लिएका माओवादी धारहरू छिट्टै एकताबद्ध हुने विश्वास व्यक्त गर्दै अध्यक्ष दाहालले वामपन्थी एकताका निम्ति आफूले इमान्दार प्रयास गर्ने बताउनुभयो । मुलुकको राजनीतिक परिवर्तनमा संस्कृतिकर्मीको महत्त्वपूर्ण भूमिका रहेको उहाँको भनाइ थियो ।

नेपाल कम्युनिष्ट पार्टीका पोलिटब्यूरो सदस्य माइला लामाले मुलुकलाई पश्चगमनतर्फ फर्काउने प्रयास कुनै हालतमा सफल नहुने बताउनुभयो । प्रतिगामी कदम विरुद्ध माओवादीहरू एकताबद्ध भएर फेरि सङ्घर्ष गर्नुपर्नेमा उहाँको जोड थियो ।

कार्यक्रममा अध्यक्ष दाहालले माओवादी केन्द्रका स्थायी समिति सदस्य एवं पूर्वमन्त्री सत्य पहाडीले लेख्नुभएको १० वटा पुस्तक विमोचन गर्नुभएको थियो । सो क्रममा अध्यक्ष दाहालले सांस्कृतिक सहिद परिवारका सदस्यलाई सम्मान गर्नुभएको थियो ।


राजविराज नगरपालिका
७ नं. वडा कार्यालय
प्रतिवाम, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या:-२०८१/०८२
च.नं. ८४९

मिति:- २०८१/१२/०५

### राजविराज नगरपालिका

**०७ न वडा कार्यालयबाट जारी भएको ३५ दिने सुचना**

उपरोक्त सम्बन्धमा जिल्ला ससरी गा.वि.स. सिमरहा सिगयौन वडा नं.०१ हाल विष्णुपुर गा.पा.वडा नं.०३ हाल वसाई सराई गरि राजविराज नगरपालिका वडा नं ०७ बस्ने स्व. उतिम लाल मंडलको बुहारी स्व. धर्म नारायण मंडलको पत्नी सरोस्वती देवी मंडल यस कार्यालयमा उपस्थि भई माग गरे अनुसार मेरो पती स्व.धर्म नारायण मंडलको मिति २०५७/०४/१९ गते आफ्नै कालगतीले स्वर्गवास हुनु भएको निजको म एक मात्र धम पत्नी सरोस्वती देवी मंडल भएकोले मेरो स्व. पती धर्म नारायण मंडलको नाउमा कायम रहेको तपसिलका जग्गा नामसारी दर्ता गर्न सिफारिस गरी पाउँ भनी मिति २०८१।१२।०५ गते मा दं. नं. ८४२ मा निवेदन दिएको हुँदा सो सम्बन्धमा उक्त जग्गामा निवेदीका वाहेक अरु कोही कसैको हक दावी, हक अपुताली भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा उजूरी दिन आउनु होला अन्यथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम भै जाने ब्यहोरा जानकारी को लागी अनुरोध छ ।

**तपसिल**

स्व.धर्म नारायण मंडल को नाउँमा दर्ता कायम रहेको जग्गाहरु

| सि.न | जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | किता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सप्तरी | सिमरहा सिगयौन | ०१ | ६४६ | ०-०-६ | |

सुभाष चन्द्र यादव
वडा अध्यक्ष


## विश्व समाचार

### नौ महिनाको अन्तर्राष्ट्रिय अन्तरिक्षमा बसाइपछि घर फर्कँदै अन्तरिक्षयात्रीहरू

वासिङ्टन, ५ चैत (रासस/एएफपी) ।

नौ महिनाभन्दा बढी समयदेखि अन्तरिक्षमा फसेका एक जोडी अन्तरिक्ष यात्री अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन (आइएसएस) बाट आफ्नो क्याप्सुल अलग भएपछि अन्ततः मङ्गलबार घर फर्कने क्रममा छन् । बुच विल्मोर र सुनी विलियम्स बोकेको स्पेसएक्स यान स्थानीय समयानुसार ०५:०५ मा कक्षीय स्टेसनबाट अलग भयो । यसले विश्वव्यापी ध्यान आकर्षित गरेको उनीहरूको लामो मिसन अन्त्य गरेको छ । नासाको यो जोडीसँग अमेरिकी निक हेग र रुसी अन्तरिक्षयात्री अलेक्जान्डर गोर्बुनोभ पनि सामेल हुनुहुन्छ । चालक दल अब पृथ्वीमा फर्कने १७ घण्टाको यात्राका लागि बसिरहेका छन् र उनीहरूलाई स्पेस सुटबाट बढी आरामदायी पोशाकमा परिवर्तन गर्न अनुमति दिइएको छ ।

यदि सबै कुरा राम्ररी चल्यो भने क्याप्सुल फ्लोरिडाको तटमा मङ्गलबार लगभग २१५७ जिएमटीमा समुद्री स्प्ल्यासडाउनका लागि आफ्नो प्यारासुट खोल्नेछ । त्यहाँ एक रिकभरी जहाजले चालक दललाई पुनः प्राप्त गर्नेछ । विल्मोर र विलियम्सले गत वर्ष जुनमा कक्षीय प्रयोगशालामा उडान भर्नुभएको थियो । यो बोइङको स्टारलाइनरलाई यसको पहिलो चालक दल उडानमा परीक्षण गर्न एक दिन लामो राउन्ड ट्रिप हुने थियो । तर अन्तरिक्ष यानमा प्रोपल्सन समस्या देखा पर्‍यो र उहाँहरूलाई फिर्ता उडाउन अयोग्य मानिएपछि, खाली फिर्ता पठाइयो ।

पूर्व नौसेना पाइलटहरू विल्मोर (६२) र विलियम्स (५९) लाई नासा-स्पेसएक्स क्रू-९ मिसनमा पुनः नियुक्त गरियो । जसमा गत सेप्टेम्बरमा ड्र्यागन अन्तरिक्ष यानलाई सामान्य चारको सट्टा दुईको टोलीसँग आइएसएसमा उडान गरेको थियो । त्यसपछि आइतवबर बिहान क्रू-१० भनिने राहत टोली स्टेसनमा जोडियो । त्यहाँ उनीहरू ह्याचबाट तैरँदै हिँड्दा उनीहरूको आगमनलाई व्यापक मुस्कानहरू र अङ्कमालहरूले स्वागत गरियो । क्रू-१० को आगमनले हेग र गोर्बुनोभसँगै विल्मोर र विलियम्सको प्रस्थानको बाटो खोल्यो ।

### इजरायलले गाजामा गरेको आक्रमणमा २ सय २० जनाको मृत्यु

प्यालेस्टिनी क्षेत्रहरू, ५ चैत (रासस/एएफपी) ।

मङ्गलबार इजरायलले जनवरीको युद्धविरामपछि मङ्गलबार गाजा पट्टीमा आफ्नो सबैभन्दा तीव्र आक्रमण गरेको छ । उद्धारकर्ताहरूले दुई सय २० जनाको मृत्यु भएको जानकारी दिएका छन् । हमासले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई युद्धविराम विस्तार गर्ने गतिरोधपछि ‘युद्ध पुनः सुरु गर्ने’ निर्णय गरेको आरोप लगाएको छ । इजरायलले आक्रमणको लहर सुरु गर्नुअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनसँग परामर्श गरेको ह्वाइट हाउसले पुष्टि गरेको छ । आक्रमणमा अधिकांश महिला, बालबालिका र वृद्धहरूको मृत्यु भएको उद्धारकर्ताहरूले बताएका छन् । “हमासले हाम्रा बन्धकहरू रिहा गर्न बारम्बार अस्वीकार गरेपछि, साथै अमेरिकी राष्ट्रपति दूत स्टिभ विटकफ र मध्यस्थकर्ताहरूबाट प्राप्त सबै प्रस्तावहरू अस्वीकार अपरेसनको गरेपछि आदेश दिइएको थियो”, नेतन्याहुको कार्यालयले विज्ञप्तिमा भनेको, “इजरायलले अब उप्रान्त बढ्दो सैन्य शक्तिका साथ हमासविरुद्ध कारबाही गर्नेछ ।”

एक इजरायली अधिकारीले सैन्य अभियान ‘जति आवश्यक छ त्यति लामो समयसम्म जारी रहने’ र ‘हवाई आक्रमणभन्दा बाहिर विस्तार हुने’ अपेक्षा गरिएको बताए । “नेतन्याहु र उहाँको अतिवादी सरकारले युद्धविराम सम्झौता उल्टयाउने निर्णय गरेका छन्”, हमासले एक विज्ञप्तिमा भन्यो । इजरायली प्रधानमन्त्रीलाई आन्तरिक सङ्कटहरूबीच टिकिरहन राजनीतिक ‘जीवनरक्षक’ का रूपमा द्वन्द्वको प्रयोग गरेको आरोप लगाउँदै हमासले भन्यो, “युद्ध पुनः सुरु गर्ने नेतन्याहुको निर्णय कब्जामा रहेका कैदीहरूलाई बलिदान गर्ने र उनीहरूलाई मृत्युदण्ड दिने निर्णय हो ।” एएफपी फुटेजमा मानिसहरूले साना बालबालिकासहित घाइते व्यक्तिहरूसँग खान युनुसको नासेर अस्पतालमा स्ट्रेचरहरू दौडिरहेको देखाइएको छ । सेतो तन्नााले ढाकिएका शवलाई पनि अस्पतालको शवगृहमा लगिएको थियो ।

### इजरायली प्रधानमन्त्रीसमक्ष गाजामा बन्धकहरूको ‘हत्या रोक्न’ परिवारहरूको आग्रह

जेरुसेलम, ५ चैत (रासस/एएफपी) ।

इजरायलले जनवरीको युद्धविरामपछि उक्त क्षेत्रमा सबैभन्दा घातक आक्रमण गरेपछि गाजामा रहेका इजरायली बन्धकहरूका परिवारहरूले मङ्गलबार प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई ‘बन्धकहरूको हत्या र बेपत्ता हुने काम रोक्न’ माग गरेका छन् । “बन्धकहरूका परिवारहरूले आज बिहान प्रधानमन्त्री, रक्षामन्त्री र वार्ता टोलीका प्रमुखसँग बैठकको माग गर्छन्, जसमा उनीहरूलाई बन्धकहरूलाई सैन्य दबाबबाट कसरी जोगाउने र उनीहरूलाई कसरी फिर्ता ल्याउने इच्छा छ भनेर आश्वासन दिइनेछ”, बन्धक एवं बेपत्ता परिवार मञ्चले एक विज्ञप्तिमा भनेको छ, “बन्धकहरूको हत्या र बेपत्ता हुन रोक्नुहोस्, पहिले, तिनीहरूलाई फिर्ता गर्नुहोस्- त्यसपछि अरू सबै कुरा भन्दै बन्धकका परिवारहरूले माग गर्नेछन् ।”

बन्धकहरूका परिवारहरूले मङ्गलबार पछि जेरुसेलममा नेतन्याहुको कार्यालय बाहिर विरोध प्रदर्शनको आह्वान गरेका छन् । इजरायलले जनवरी १९ मा युद्धविराम सुरु भएयता सबैभन्दा तीव्र आक्रमण गर्दै सबै बन्धकहरू फिर्ता नहुँदासम्म गाजामा लड्ने प्रतिज्ञा गरेको छ । “बन्धकहरूका परिवारहरूले आफ्ना प्रियजनहरूको भाग्यका लागि जिम्मेवार सरकारी अधिकारीहरूसँग बैठकका लागि याचना गरिरहेका छन् । उनीहरूको याचना अनुत्तरित छ”, परिवारहरूले एक वक्तव्यमा भनेका छन्, “अब स्पष्ट हुन्छ - सरकारी अधिकारीहरूले उनीहरूसँग भेटघाट गरेनन् किनकि उनीहरूले युद्धविरामको विस्फोटको योजना बनाइरहेका थिए, जसले उनीहरूका परिवारका सदस्यहरूलाई बलि चढाउन सक्छ ।” हमासको सन् २०२३ अक्टोबरको आक्रमणमा पक्राउ गरिएका दुई सय ५१ बन्धकमध्ये ५८ जना अझै पनि गाजामा राखिएका छन् तीमध्ये ३४ जना इजरायली सेनाले मृत भएको बताएको छ ।

# राजविराजमा राजावादीको प्रर्दशन



**दैनिक समाचारदाता**
**रावजविराज, ५ चैत ।**

राजविराजमा मंगलबार राजावादीहरुले शक्ती प्रर्दशन गरेका छन् । "राजा आउ देश बचाउ" नारा लेखिएको ब्यानर फहराउदै उनीहरुले शक्ति प्रदर्शन गरेका हुन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी सप्तरीको अगुवाईमा राजसंस्था पुनः स्थापना, हिन्दु राष्ट्र घोषणा, प्रदेश संरचना खारेजी लगायतका माग तथा नाराबाजी समेत गर्दै प्रर्दशन गरेका थिए ।

प्रर्दशनमा राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता/कार्यकर्ताका साथै स्थानीयको उल्लेख्य सहभागीता थियो । स्थानीय मलेठ चौकबाट निकालिएको जुलुश नगर परिक्रमा गर्दै पुनः सोही स्थानमा पुगी सभामा परिणत भएको थियो ।

सभालाई राप्रपाका जिल्ला अध्यक्ष उम्मेदेश्वर प्रसाद साह, केन्द्रीय सदस्य जया महतो, राप्रपाका स्थानीय नेता सुरेन्द्र साह सुरेश, नविन मण्डल, कृपानन्द झा लगायतले सम्बोधन गर्दै संघियता, धर्मनिरपेक्षता र गणतन्त्र खारेज गरी २०४७ को संविधान लागु गर्नु पर्नेमा जोड दिएका थिए ।

उनीहरुले देशमा राजसंस्था र हिन्दु धर्मको पक्षमा माहौल बनिसकेको भन्दै अब यसलाई कुनै पनि शक्तीले रोक्न नसक्ने दाबी समेत गरे ।

राजावादीको उक्त प्रर्दशनमा विभिन्न राजनीतिक दल सम्वद्ध स्थानीय कार्यकर्तादेखी सर्वसाधारण समेतको सहभागिता थियो ।

# प्रहरीमा जागिर लगाइदिने भन्दै ठगी गरेको आरोपमा महिला पक्राउ

**दैनिक समाचारदाता**
**सर्लाही, ५ चैत ।**

प्रहरीमा जागिर लगाइदिने भन्दै ठगी गरेको आरोपमा प्रहरीले सर्लाहीबाट एक महिलालाई पक्राउ गरेको छ ।

सर्लाहीकै लालबन्दी नगरपालिका १७ की ३२ वर्षीया लक्ष्मी कुमारी महतोले हरिपूर्वा नगरपालिका ५ का शिवम कुमार यादवसँग पटक-पटक गरी कुल दुई लाख पचहत्तर हजार रुपैयाँ ठगेको उजुरी परेपछि प्रहरीले उनलाई पक्राउ गरेको हो ।

पीडित यादवका दाजु सिपिन्द्र प्रसाद यादवले ठगी तथा आपराधिक विश्वासघातको जाहेरी दिएका थिए । जाहेरीका आधारमा अनुसन्धान अघि बढाउँदै चैत ३ गते महतोलाई पक्राउ गरिएको हो ।

जिल्ला अदालतबाट पाँच दिनको म्याद थप अनुमति लिएर घटनाको विस्तृत अनुसन्धान भइरहेको सर्लाही प्रहरी कार्यालयले जनाएको छ ।

### स्ववियु निर्वाचन ...

वस्नेतको कमाण्डमा १ सय १५ नेपाल प्रहरी तथा ठुलो संख्यामा सशस्त्र प्रहरी समेत परिचालन गरिएको थियो ।

अध्यक्षसहित प्रत्यक्षतर्फ १० र समानुपाति तर्फ ९ गरी कूल १९ पदका लागि हुने निर्वाचनमा ४१ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेको निर्वाचन अधिकृत यादवले जानकारी दिए । सहज रुपमा मतदान सम्पन्न गराउन ६ वटा मतदान केन्द्रमा १२ वटा बुथ कायम गरिएको थियो ।

निर्वाचनमा मानविकी तर्फ तेश्रो वर्षका विद्यार्थी रहेका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका ६७ वर्षिय निर्भयकान्त झा र शारिरीक रुपमा अशक्त रहेकी सप्तरीको राजगढ गाउपालिकाकी २६ वर्षिया विभा कुमारी मण्डलले पनि मतदान गरेको निर्वाचन समितीका संयोजक यादवले जानकारी दिए । ६७ वर्षिय झा आफै हिडेर आएका थिए भने मण्डल ह्विल चेयर चढेर मतदान स्थल पुगेकी थिइन ।

सुरक्षा व्यवस्था कडा पारिएकाले कुनै अप्रिय घटना नभएको स्थानीय प्रशासनले जनाएको छ । मतगणना कार्य मंगलबार रातीदेखी नै सुरु हुने निर्वाचन संयोजक यादवले जानकारी दिएका छन् ।

### मधेश प्रदेश ...

सङ्कुचित बनाउन गोलाप्रथाबाटै केन्द्राध्यक्ष नियुक्ति हनपर्ने प्रदेश सरकारको सोच रहेको भएपनि परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि कानूनी रूपमा अधिकारप्राप्त तथा उत्तरदायी प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयविपरीत परीक्षा समन्वय समितिहरूले साविककै व्यवस्था दोहोर्याउँदै केन्द्र निर्धारण गरिएका विद्यालयका प्रधानाध्यापकलाई नै केन्द्राध्यक्ष नियुक्त गरेका र नियुक्त गर्ने पक्रिया अघि बढाएकोमा असन्तुष्टि जाहेर गर्दै मुख्यमन्त्री र मन्त्रीले सरकार परिक्षामा सामेल नहुने दर्शाएको छ ।

राष्ट्रिय परीक्षा बोर्ड नियमावली २०७८ (संशोधनसहित) को दफा ९'ख' मा माध्यमिक शिक्षा परीक्षा (एसइई) को सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने परीक्षा केन्द्र निर्धारण गर्ने र केन्द्राध्यक्ष तथा अन्य कर्मचारीको नियुक्ति एवम् परीक्षा सञ्चालन गर्दा जिल्लास्थित जिल्ला परीक्षा समवय समितिसँगको समन्वयमा प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिले गर्ने व्यवस्थालाई अनदेखा गरी बनाइएको एसइई परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिकालाई टेकेर केन्द्र भएकै विद्यालयका प्रधानाध्यापकलाई केन्द्राध्यक्ष नियुक्ति प्रक्रिया अघि बढाइएकोमा मधेश सरकारको गम्भीर आपत्ति पनि व्यक्त गरिएको विज्ञप्तीमा उल्लेख छ ।

# आगलागीमा परी एक बालिकाको मृत्यु

**दैनिक समाचारदाता**
**मोरङ, ५ चैत ।**

मोरङको धनपालथान गाउँपालिका ७ कदमाहा टोलमा मंगलबार आगलागीमा परी एक बालिकाको मृत्यु भएको छ ।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार मोहम्मद हानिफका तीन वर्षीया छोरी रेश्मा खातुनको जलेर मृत्यु भएको हो ।

आगलागी विद्युत् चुहावटका कारण भएको प्रहरीले जनाएको छ ।

# परीक्षा हलमा मोबाइल भेटिए जफत तथा विद्यार्थी निष्काशनमा पर्ने

**दैनिक समाचारदाता**
**राजविराज, ५ चैत ।**

चैत ७ गते देखी संचालन हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) मा विद्यार्थीहरुको साथबाट मोबाइल, स्मार्ट वाच भेटिए सो जफत हुने र परीक्षा हलभित्रबाट निष्काशन गर्ने जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीद्वारा मंगलबार जारि सूचनामा ती सामाग्रि बाहेक विद्युतीय क्याल्कुलेटर, पुस्तक, गाइड, गेसपेपर लगायत अन्य चिटका सामाग्रिहरु समेत पूर्ण रुपमा निषेध गरिएको उल्लेख छ ।

सो कार्यालयले परीक्षालाई स्वच्छ, निष्पक्ष र मर्यादित रुपमा संचालनका लागि सम्बन्धित सबैमा अनुरोध गरेको छ ।

# पच्चीस करोड भन्दा बढी विदेशी मुद्रासहित एक पक्राउ

**दैनिक समाचारदाता**
**काठमाडौँ, ५ चैत ।**

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले करिब रु २५ करोड २२ लाख ४५ हजार बराबरको विदेशी मुद्रासहित एक जनालाई पक्राउ गरेको छ ।

राष्ट्र बैङ्कले मंगलबारका लागि निर्धारण गरेको विदेशी मुद्रा विनिमय दरअनुसार उक्त मूल्य बराबरको विदेशी मुद्रा बरामद गरेको हो ।

ठूलो परिमाणमा अमेरिकी डलरसहितका विदेशी मुद्रा राजस्व छली गरी ओसारपसार तथा कारोबार गरेको सूचनाका आधारमा कार्यालयबाट खटिइएको टोलीले सोमबार बेलुका टोखा नगरपालिकास्थित झोरबाट उक्त रकम बरामद गरेको हो ।

ना७ख १६५१ नंको मालवाहक ट्रकको चालक बस्ने ठाउँमा 'फल्सबटम' बनाई लुकाईछिपाई ल्याएको अवस्थामा सवारी चालक सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिकाका ४३ वर्षीय कुसाङ लामासहित पक्राउ गरिएको प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

बरामद गरिएको विदेशी मुद्रामा अमेरिकी डलर एक सय दरका तीन हजार ११९ थान, अमेरिकी डलर ५० दरका १७९, युरो ५०० दरका ११ थान, युरो २०० दरका ४८०, युरो १०० दरका चार हजार १४८ थान, युरो ५० दरका १७ हजार १७७ थान रहेको कार्यालयले आयोजित पत्रकार सम्मेलनमा जानकारी दिएको हो ।

बरामद गरिएका विदेशी मुद्रासहित निजलाई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिमको कसुरमा थप अनुसन्धान र कारबाहीका लागि राजस्व अनुसन्धान विभागको जिम्मा लगाइएको छ ।

# प्रहरी प्रमुखमा दीपक थापालाई नियुक्त

काठमाडौँ, ५ चैत (रासस) ।

मन्त्रिपरिषद्को बैठकले नेपाल प्रहरी प्रमुखमा दीपक थापालाई नियुक्त गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले थापालाई प्रहरी अतिरिक्त महानिरीक्षकबाट प्रहरी महानिरीक्षकमा बढुवा गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले जानकारी दिनुभयो ।

बैठकले राष्ट्रिय विपद् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी निर्देशकमा दिनेश भट्टलाई नियुक्त गर्ने निर्णय गरेको छ ।

# चौध वटा सङ्घीय अस्पतालमा नयाँ सेवा थप गरिने

काठमाडौँ, ५ चैत (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यही चैतमा सङ्घीय अस्पताल तथा प्रतिष्ठान सुधारका १८ कार्यक्रमको कार्यतालिका सार्वजनिक गरेको छ ।

मन्त्रालयले चैत महिनाभरमा १४ वटा सङ्घीय अस्पतालमा नयाँ सेवा थप्ने गरी कार्यतालिका सार्वजनिक गरेको हो । सोहीअनुरुप ती अस्पतालमा चैतभित्र १८ विभिन्न सेवा तथा सुविधा थप गरिने स्वास्थ्य सचिव डा विकास देवकोटाले बताउनुभयो ।

मन्त्रालयको तालिकाअनुसार अस्पतालमा 'एक्सरे फिल्म' हटाउनेदेखि 'आइभीआर' सेवा थाल्ने, शय्या विस्तार आदि छन् ।

मन्त्रालयले बनाएको तालिकाअनुसार वीर अस्पतालमा चैत दोस्रो साता काठमाडौँ महानगरसँगको सहकार्यमा पाठेघरको मुखको क्यान्सरको परीक्षण सेवा आरम्भ हुनेछ । वीरसँगै ट्रमा सेन्टरले चैतभित्र 'एमआरआई', 'सीटीस्क्यान' तथा एक्सरेमा फिल्म प्रयोग हटाएर 'डिजिटल' नतिजा दिने जनाएको छ ।

त्यसैगरी भरतपुर अस्पतालमा क्याथ ल्याब चैत महिनाभित्र सञ्चालन गर्ने तयारी छ । तालिकाअनुसार पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले न्यूरोलोजी सेवामा 'इलेक्ट्रोमाइलोग्राफी' तथा 'एनसीभी' परीक्षण थप गर्नेछ । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले फरेन्सिक विभागबाट ७२ शव राख्न सक्ने गरी क्षमता विस्तार गर्ने योजना छ ।

वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले एमसीएच भवन उद्घाटन गरेर ओपीडी चैत दोस्रो साताभित्र आरम्भ गर्ने र कान्ति बाल अस्पतालले बालबालिकाका लागि 'हेमोडायलाइसिस' सेवा चैत तेस्रो साताभित्र आरम्भ गर्ने तालिकामा उल्लेख छ ।

यसैगरी, भक्तपुर क्यान्सर अस्पतालले चैत अन्तिम साताभित्र चार शय्याको 'पिआइसीयु' स्थापना तथा बाल क्यान्सर उपचार वार्ड विस्तार गर्नेछ । परोपकार प्रसूति अस्पतालले भने कुपण्डोलको नयाँ भवनमा 'सिमुलेसन' प्रयोगशाला आरम्भ गर्ने जनाइएको छ ।

त्यसैगरी तनहुँको बेलचौतारास्थित जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास केन्द्रले चैत दोस्रो साताभित्र 'हेमोडायलासिस' सेवा थाल्नेछ । भेरी अस्पतालले भने १० आइसीयु शैय्या थपसँगै जलन वार्डमा ६ शय्या थप गर्ने तयारी गरेको छ ।

चैतभित्र सबै सेवा नागरिकले प्राप्त गर्ने मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो ।

आगलागि हुनबाट सचेत रहौं । सलाई, लाइटर तथा प्रज्वलनकारी बस्तु बालबालिकाको पहुँचबाट टाढा राखौं । आगलाागिबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

**जनहितमा जारि सन्देश : राजविराज दैनिक**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np